नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
Financial Comptroller General Office
कोष व्यवस्थापन तथा प्रणाली विकास शाखा

अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

पत्र संख्याः २०७८/७९/४.१ मितिः २०७९।०२।१७

चलानी नं.: 30C

विषयः धरौटी रकम ट्रान्सफर सम्बन्धमा।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सबै

प्रस्तुत विषयमा हाल खारेज भई अन्य निकाय तथा कार्यालयमा दायित्व/जिम्मेवारी सारिएका र एक ठाँउबाट अर्को ठाँउमा (सोही को.ले.नि.का तथा अन्तर को.ले.नि.का) सारिएका तथा नाम परिवर्तन भएका कार्यालयहरुको नाममा विभिन्न कोष तथा लेखा नियन्त्रक कार्यालयमा आम्दानी बाँधिएको धरौटी रकम सम्बन्धित संस्था वा व्यक्तिलाई फिर्ता गर्न समस्या उत्पन्न भएकोमा उक्त कार्यालयहरुको धरौटी रकम सम्बन्धित निकाय तथा कार्यालयहरुको नाममा ट्रान्सफर गर्ने सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७१ उपनियम १ बमोजिम सम्बन्धित केन्द्रीय निकायको निर्णयको आधारमा तपसिल बमोजिम गर्नुहुन यस कार्यालयको मिति २०७९/०२/१३ को निर्णयानुसार अनुरोध छ ।

१. एकै को.ले.नि.का भित्र भए खारेज वा हस्तान्तरण भएको कार्यालयको नाममा रहेको धरौटी रकम पहिला को.ले.नि.का.को नाममा आम्दानी बाँधि जिम्मेवारी सारिएको कार्यालयको नाममा ट्रान्सफर गर्ने,
२. अन्तर को.ले.नि.का भएमा एक को.ले.नि.का बाट अर्को को.ले.नि.का. को नाममा ट्रान्सफर गरी रकम प्राप्त गर्ने को.ले.नि.का.ले आफ्नो नाममा आम्दानी बाँधि जिम्मेवारी सारिएको कार्यालयको नाममा ट्रान्सफर गर्ने,

साथै, खारेज भई गएका कार्यालयहरुको **CGAS** को **User Name** र **Password** (धरौटी प्रयोजनको लागि) को अपनत्व को.ले.नि.का.ले प्राप्त गर्ने र उक्त कार्यालयहरुको धरौटी रकम ट्रान्सफर पछि एकिकृत आर्थिक विवरण तयार गर्न समेत अनुरोध छ ।

२०७९।०२।१७
विष्णु प्रसाद बेल्बासे
लेखा अधिकृत

अनामनगर, काठमाडौं, फोन नं. ०१-४७७११४०
फ्याक्स नं.- ०१-४७७०३८६, E-mail: sdrc@fcgo.gov.np, Website: www.fcgo.gov.np